आज मिति २०७७ साल बैशाख ०७ गते आइतवारको दिन भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ५१ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री भरत बहादुर के.सी. | नगर प्रमुख |
| श्री कमला बस्नेत | नगर उप प्रमुख |
| श्री मान वहादुर खडका | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर बहादुर थामी | वडा अध्यक्ष, वडा नं. १ |
| श्री विराजमान श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २ |
| श्री हरिशरण शिवाकोटी | वडा अध्यक्ष, वडा नं. ३ |
| श्री हरिवंश चौलागाँई | वडा अध्यक्ष, वडा नं. ४ |
| श्री रामचन्द्र बस्नेत | वडा अध्यक्ष, वडा नं. ५ |
| श्री नविन कुमार लामा | वडा अध्यक्ष, वडा नं. ६ |
| श्री कैलाश कुमार श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. ७ |
| श्री नकुल के.सी. | वडा अध्यक्ष, वडा नं. ८ |
| श्री चित्र बहादुर भुजेल | वडा अध्यक्ष, वडा नं. ९ |
| श्री गौरी थामी | कार्यपालिका सदस्य |
| श्री लालकृष्ण थामी | कार्यपालिका सदस्य |
| श्री दिपक धनुके | कार्यपालिका सदस्य |
| श्री जमुना श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री रुपा भुजेल शाही | कार्यपालिका सदस्य |
| श्री सुमन सुनाम | कार्यपालिका सदस्य |
| श्री मञ्जु वि.क. | कार्यपालिका सदस्य |
| श्री किरण वली | कार्यपालिका सदस्य |

मिति : २०७७/०१/०७
समय : विहान ११:३० बजे
स्थान : भीमेश्वर सदन

कार्यपालिकाको ५१ औं बैठकका निर्णयहरु :

**निर्णय नं १ :** विश्वव्यापी महामारी कोरोना भाइरस रोग(कोभिड-१९) सम्भावित संक्रमित विरामी ओसारपसार गर्दा चालकको सुरक्षाको लागि एम्बुलेन्सको भित्र पट्टि बार (पार्टेशन) गर्न कोरोना भाइरस रोग संक्रमण नियन्त्रण तथा रोकथाम उच्चस्तरीय समितिबाट पार्टेशन मापदण्ड र परिपत्र भएको छ। प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोट (प्रस्तावित चरिकोट अस्पताल) मा रहेको एम्बुलेन्स र शव वाहन पार्टेशन गर्न लगाई नगरपालिकाको विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने गरियो ।

**निर्णय नं २ :** विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस(कोभिड-१९)रोगको संक्रमण नियन्त्रण तथा रोकथाम कार्यका लागि बागमती प्रदेशबाट प्राप्त भएको रु १२,००,०००/- (बाह्र लाख मात्र) बाट तपसिलका खर्चहरु भुक्तानी गर्ने गरियो ।

(क) सम्भावित संक्रमितहरुलाई अलग राख्न तयार पारिएको आइसोलेशन गृहको सरसफाई, पानि, बिजुली, बेड, तन्ना, तकिया आदि,

(ख) आइसोलेशन कक्षाका लागि जडान गरिएको २५ के.भि.ए. ट्रान्सफर (पछि प्रस्तावित चरिकोट अस्पतालको प्रयोगमा रहने) जडान खर्च,

(ग) नगरपालिकाको बजार क्षेत्रमा छरिएको रोग संक्रमण निवारक रसायन (डिसइन्फेक्टेन्ट स्प्रे) सम्वन्धी खर्च,

(घ) इन्फ्रारेड थर्मोमिटर, मास्क, स्यानीटाईजर, द्रुत परिक्षण (आर.डी.टि.) सम्वन्धी खर्च,

(ङ) क्वारेन्टाइन स्थापना, व्यवस्थापन लागत खर्च।

**निर्णय नं. ३ :** नियमित ज्याला मजदुरी गरी खाने श्रमिकहरुलाई लामो बन्दाबन्दीको कारण खाद्यान्न अभाव भएको भनी राहत माग भई आएको छ काम गर्न सक्ने श्रमिकहरुलाई अन्य समुदायसँग घुलमिल नहुने गरी सामाजिक दुरी कायम राख्दै सानातिना विकास निर्माणका काममा लगाएर पारिश्रमिक उपलब्ध गराउनु उपयुक्त हुन्छ यसका लागि स्थानीय श्रमिकहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम र उपभोक्ता समितिका आयोजनाहरुमा संलग्न गराउने र नगर क्षेत्र बाहिरका श्रमिकहरुलाई रु १ लाख भन्दा कम लागत भएका श्रममूलक आयोजनाहरु वडाबाटै छनौट गरी काममा लगाउने यसका लागि प्रति वडा बढीमा दुई वटा सम्म आयोजनाका लागि विपद व्यवस्थापन कोषबाट बजेट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४ :** श्रम गर्न सम्भव नभएका अति विपन्न नागरिकहरु, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अस्वस्थ्य व्यक्ति तथा बालबालिकाका लागि वडा समितिले निर्णय गरी तोकिएको मापदण्ड बमोजिम राहत प्याकेज उपलब्ध गरी नगरपालिका कार्यालयमा विवरण पेश गर्ने निर्णय गरियो ।

**५. विविध**

**५. (क)** : यस नगरपालिकाको ८ नं वडा कार्यालयको मिति २०७६/११/१४, च.नं. ८४४ को पत्रानुसार चालु आ.व.को हिले – लामाटोल सिंचाई रु ६ लाख, मिजार टोल साना सिंचाई रु ३ लाख र सिलाई कटाई तालिमको रु १ लाख ७० हजार कार्यक्रमहरु कार्यान्वयन नहुने भई जम्मा १० लाख ७० हजार (उपभोक्ता समिति सहभागिता बाहेक) बजेटबाट स्वास्थ्य चौकी - वडा कार्यालय भवन निर्माण स्थल सडक निर्माण गर्न योजना परिवर्तन गर्न माग भएको छ SUTRA सफ्टवेयरमा प्रविस्ट योजना परिवर्तन कठिन हुने समेत बुझिएको छ यध्यपि उपरोत्तानुसार बजेट कार्यान्वन भइसकेको बुझिएकोले उपरोक्त आयोजनाहरु परिवर्तन गरी सडक निर्माण गर्न सहमति दिने निर्णय गरियो ।

**५ (ख):** यस नगरपालिका वडा नं ४ को च.नं. २९१, मिति २०७६/११/२७ को पत्रानुसार चालु आ.व.मा पिप्ले ज्यामिरे सडक शिर्षकमा विनियोजित रु ५ लाख मध्य ३ लाख ५० हजार पिपलबोट - चेतनशील मार्ग र १ लाख ५० हजार जलेश्वर मार्ग निर्माण गर्न (उ.स.एउटै बनाउनु उपयुक्त हुने) योजना संशोधन सहमति दिने र मानव संशाधन विकास शिर्षकको रु २ लाख खानेपानी मुहान संरक्षण गर्ने गरी योजना संशोधन गर्न सहमति दिने निर्णय गरियो ।